निर्णयहरु

१) प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गाउँपालिकाको चौथो गाउँ सभाबाट स्वीकृत आ.ब. ०७६/०७७ को लागि बिनियोजन भएका रु ९,००,०००(नौ लाख) सम्मका योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्ने यसरी उपभोक्ता समिति मार्फत योजना संचालनको लागि उपभोक्ता समिति गठन गर्दा योजना संग प्रत्यक्ष लावान्तीत हुने समुदायहरुको बृहत भेला गराई योग्यता पुगेका ब्यक्तीहरु मध्ये बाट समाबेसीताका आधारमा ३३ प्रतिशत महिला सहभागी अनिबार्य हुने गरी र एक योजनामा समाबेश भएको ब्यक्ति एक आर्थिक बर्ष सम्म अर्को योजनामा सहभागी हुन नपाउने गरी मिति २०७६/०५/१५ गते भित्र उपभोक्ता समिति गठन गरी समितिको बिबरण सहित गाउँपालिकामा पठाउने निर्णय गरियो ।

२) प्रस्ताव नं. २ माथी छलफल गर्दागत आ.ब. २०७५/०७६ मा लागत सहभागीतामा काम गर्ने गरी योजना सम्झौता भई कार्य अगाडी बढेका तर योजना सम्पन्न नभएका तपसिल अनुसारका योजनाहरुलाई नियमानुसार योजना संचालन गरी सम्पन्न गर्न सभा बाट बिनियोजन भएको गतको अधुरा योजना शिर्षकमा बिनियोजन भएको रकम बाट तपसिल अनुसारको रकम बिनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क.स. | योजनाको नाम | वडा नं. | बिनियोजन रकम |
|---|---|---|---|
| १ | बुद्धचोक देखी गुम्बाचोक बाटो कालो पत्रे | १ | ८३,६०,०००/ |
| २ | बुद्ध चोक देउराली चोक बाटो कालो पत्रे | ३ | ४०,००,०००/ |
| ३ | कोलिया ८ नं. डहर कालोपत्रे | २ | ५७,९७,५००/ |
| ४ | शंखदेब ठाडो | ४ | ४,००,०००/ |
| ५ | जुगेपानी ठाडो | १ | ५,००,०००/ |
| ६ | झ्यालबास बसन्तपुर सडक मर्मत ग्राभेल | | ५,००,०००/ |
| ७ | गिरुवारी चौपारी देखि संगम चोकाको बाटो | ३ | ३,००,०००/ |

३) प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस गाउँपालिकामा राष्ट्रिय विद्युतीकरणको पहुँच पुराई सेवा विस्तार गर्न विद्युतीकरण सम्बन्धी डिपिआर तयार गरी सो को आधारमा विस्तृत विद्युतीकरण योजना सञ्चालनमा ल्याउन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

४) प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस गाउँपालिकाको अधिकार क्षेत्र भित्र पर्ने अधिकार लाइ प्रयोग गर्नको लागी निर्माण हुन बाँकी विभिन्न ऐन, नियम , कानूनहरु निर्माण गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

५) प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस गाउँपालिका भित्र विभिन्न स्थानमा छरिएर रहेको वस्तीहरु लाइ एकिकृत गरी नमूना बस्ती निर्माण गर्न गाउँपालिकाले लिएको निति अनुसार यस वर्ष वडा नं ५ को धौवादीमा (पांग्रे,राम्चे, धौवादी) एकिकृत नमूना वस्ती निर्माण गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

६) प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस गाउँपालिका अर्न्तगत सञ्चालनमा रहेका होटल, पसल, उद्योग,मासु पसल,कलकारखानाहरु को नियमित अनुगमन गर्ने गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

७) प्रस्ताव नं. ७ माथी छलफल गर्दा यस गाउँपालिकाको भवन निर्माण गर्न आ.व.०७६/७७ मा रकम समेत विनियोजन भई सकेकोले सो सँग सम्बन्धीत अन्य प्रक्रियाहरु अगाडी बढाई भवन निर्माण गर्ने निर्णय गरियो ।

८) प्रस्ताव नं. ८ माथी छलफल गर्दा यस गाउँपालिका भित्र बाट नदी जन्य पदार्थ चोरी निकासी भई रहेको छ भन्ने जन आवाज आइरहेको र सो कार्य रोकथाम गर्न को लागी शसस्त्र प्रहरी बल वेस क्याम्प चोरमारा लाई आवश्यक सहयोग र सहजीकरणको लागी नियमीत गस्ती गरिदिन लेखि पठाउने निर्णय गरियो।

९)प्रस्ताव नं. ९ माथी छलफल गर्दा हुप्सेकोट गाउँपालिका र स्थानीय सरकारको पहिचान समेत झलकिने गरी लोगो निर्माण गरी सोही अनुसार कार्यान्वय गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

१०) प्रस्ताव नं. १० माथी छलफल गर्दा यस वर्ष २०७६ सालमा नेपाल सरकारले तोकेको सार्बजनिक बिदा बाहेक यस गाउँपालिकामा वसोवास गर्ने जातजाती,समुदायहरुले महत्वका साथ मनाउने तपसिल अनुसारको पर्वमा गाउँपालिका अर्न्तगतका सम्पूर्ण सरकारी कार्यालय ,गैर सरकारी संघ सस्थाहरु र विद्यालयहरुमा समेत विदा दिने निर्णय गरियो साथै२०७६ श्रावण ३० गते जनै पूर्णिमाको दिन दिइएको विदा लाइ समेत अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

१.कोजाग्रत पूर्णीमा २०७६ /६/२६

२.माघी पर्व २०७६ /१०/१

३.मगर दिवस २०७६ /११/१५

**११)** प्रस्ताब नं. ११ माथी छलफल गर्दा हाल यस गाउँपालिका कार्यालय सञ्चालन भएको भवन पछाडी बाट बग्ने गिरुवारी ,झ्यालवास सिंचाई कुलोले गाउँपालिकाको भवनलाई क्षती पुऱ्याउने देखिएकोले उक्त कुलो लाई स्थान्तरणको लागी आवश्यक वजेट समेत विनियोजन भई सकेको हुँदा सो कार्य प्रक्रियागत रुपमा अगाडी बढाउने निर्णय गरियो ।

**१२)** प्रस्ताब नं. १२ माथी छलफल गर्दा यस गाउँपालिका भित्र हाल सम्म कुनै पनी प्राविधिक शिक्षालय स्थापना नभएको हुँदा गाउँपालिका भित्रका विद्यार्थीहरु अन्यन्त्र गई अध्ययन गर्नुपर्ने बाध्यता रहेकाले गाउँपालिका भित्र उपयुक्त स्थानमा प्राविधिक शिक्षालय स्थापना गरी सञ्चालनको लागि आवश्यक पर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**१३)** प्रस्ताब नं. १३ माथी छलफल गर्दा यस गाउँपालिकामा हाल सम्म बस पार्क र कृषि उपज संकलन खरिद तथा बिक्रि केन्द्रको स्थापना सञ्चालन नहुँदा सवारी साधनहरु अवेवस्थीत रुपमा पार्कीङ हुँदा दुर्घटना हुने सम्भावना देखिएकोले यस गाउँपालिका अर्न्तगत वडा नं. १ को कुम्भे घाटमा बस पार्क निर्माणको पूर्वाधार र कृषि उपज संकलन खरिद तथा बिक्रि केन्द्रको स्थापना निर्माण गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**१४)** प्रस्ताब नं. १४ माथी छलफल गर्दा आ आफ्नो टोलको सर्वागिण विकासमा टेवा पुऱ्याउने हेतुले यस गाउँपालिका अर्न्तगत सबै वडाका सबै टोलमा टोल विकास संस्था ( समिति) गठन ,दर्ता र सञ्चालनमा ल्याउन प्रत्येक वडाले पहल गरी प्रक्रियागत रुपमा अगाडी बढने निर्णय गरियो ।

**१५)** प्रस्ताब नं. १५ माथी छलफल गर्दा आ.ब. २०७६/७७ बाट यस गाउँपालिकामा एकिकृत सम्पत्ती कर लगाउने निर्णय भए अनुसार सम्पत्ती कर लागू गर्नको लागी आवश्यक पर्ने पूर्व तयारी गर्ने निर्णय गरियो ।

**१६)** प्रस्ताब नं. १६ माथी छलफल गर्दा यस गाउँपालिका अर्न्तगतका वडा कार्यालय,सम्पूर्ण विद्यालयहरु , अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुमा अनिवार्य रुपमा नेपालको राष्ट्रिय झण्डा फहराउने र विहान कार्यालय सञ्चालन गर्नु पूर्व राष्ट्रिय गान बजाए र मात्र कार्यालय गर्ने निर्णय गरियो साथै विद्यालयहरुमा प्रतयेक कक्षा कोठामा राष्ट्रिय झण्डा राख्न लगाउने निर्णय गरियो।

**१७)** प्रस्ताब नं. १७ माथी छलफल गर्दा प्रत्येक वडाले आफ्नो वडा भित्र रहेका अव्यबस्थित जग्गा र सार्बजनिक जग्गाहरुको वडा गत रुपमा लगत तयार गरी गाउँपालिकामा पेश गर्ने र सो विवरणको आधारमा उल्लेखित जग्गाहरुको व्यवस्थापन गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**१८)** प्रस्ताब नं. १८ माथी छलफल गर्दा यस वर्ष २०७६ को हरितालिका तिजको अवसरमा गाउँपालिका स्तरीय संघियतामा स्थानीय सरकार विषयको तिज गित प्रतियोगीता २०७६/५/१३ गते गर्न आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो ।

**१९)** प्रस्ताब नं. १९ माथी छलफल गर्दा यस गाउँपालिका भित्र रहेका विद्यालयहरु लाई आवश्यकता अनुसार भौगोलीक अवस्थीती लाई समेत मध्य नजर गरी समायोजन प्रक्रिया अगाडी बढाई विद्यालय समायोजन गर्ने कार्यमा आवश्यक सहजिकरण ,व्यवस्थापन गर्न निम्नानुसारका व्यक्तिहरु रहने गरी विद्यालय समायोज सहजिकरण समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. श्री राजेन्द्र प्रसाद रेग्मी - संयोजक ( लेखा अधिकृत हुप्सेकोट गाउँपालिका)

२. शिब प्रसाद सुबेदी - सदस्य ( अधिकृत हुप्सेकोट गाउँपालिका )

३. माधवराज गौतम - सदस्य ( गाउँशिक्षा अधिकृत हुप्सेकोट गाउँपालिका)

४. लालचन्द्र लामिछाने - सदस्य (श्रोत शिक्षक हुप्सेकोट गाउँपालिका)

५.ऋषी राम पौडेल - सदस्य ( प्र.अ. सरस्वती संस्कृत तथा साधरण मा.वि .गिरुवारी)

६.रेवती सारु - सदस्य ( समाजसेवी वडा नं. ३)

७.राम प्रसाद पाण्डे - सदस्य ( जनता मा.वि वेलुवा, नेपाल शिक्षक संघ)

८.केशव प्रसाद अधिकारी - सदस्य ( ज्वाला आधारभूत विद्यालय , नेपाल राष्ट्रिय शिक्षक संगठन)

९. चूडा वहादुर गुरुङ - सदस्य (प्र.अ. भुपू वोडिङ स्कुल)

**२०)** प्रस्ताब नं. २० माथी छलफल गर्दा यस गाउँपालिकाको ( जनप्रतिनिधी तथा कर्मचारीहरुको ) कार्य विरण हाल सम्म निर्माण नभएकोले उक्त विरण तयार गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

२१) प्रस्ताब नं. २१ माथी छलफल गर्दा यस गाउँपालिका भित्र स्थापना भई सञ्चालनमा रहेका विभिन्न प्रकृतीका सहकारीहरु लाई सेवा प्रकृती अनुसार आवश्यकता वमोजीम समायोजन गर्ने आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

२२) प्रस्ताब नं. २२ माथी छलफल गर्दा यस गाउँपालिका अर्न्तगत वडा नं.२, ५ र ६ बाट गाउँकार्यपालिका वैठकमा भाग लिन आउने सदस्यहरु तारादेवी चुहान, पदम वहादुर राना, कर्णमाया वि.क. ,छम बहादुर सोमै र विनिसरा ढेगा लाई आउँदा जाँदाको यातायात खर्च तथा बास खर्च बापत प्रति व्यक्ति प्रति वैठक रु १५००।- का दरले २०७६/४/१ गते बाट लागू हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

२३) प्रस्ताब नं. २३ माथी छलफल गर्दा यस गाउँपालिका अर्न्तगत देउराली सोती खोला आयोजनाको संयोजनमा निर्माण हुन लागेको शहरी खानेपानी आयोजना सञ्चालन गर्ने क्रममा अपाङग घर मुली को नाममा धारा जडान भएको अवस्थामा उपभोक्ता बाट लिने सबै प्रकारको शुल्क मिनाहाको लार्गी आवश्यक व्यवस्था मिलाउन देउराली सोती खोला खानेपानी आयोजना लाई लेखी पठाउने निर्णय गरियो ।

२४) प्रस्ताब नं. २४ माथी छलफल गर्दा यस गाउँपालिका अर्न्तगतका सबै वडाका जन निवाचित प्रतिनिधीहरु कार्यालय विदा भएको दिन वाहेक अन्य दिनमा नियमित रुपमा वडामा उपस्थीत हुनी व्यवस्था मिलाउन सम्बन्धीत वडा अध्यक्षहरुले पहल गर्ने निर्णय गरियो ।

२५) प्रस्ताब नं. २५ माथी छलफल गर्दा यस गाउँपालिका ले आ.व.२०७६/७७ लाई वृक्षारोपण वर्षको रुपमा मनाउन लागे अनुसार वडा नं. ५ माग गुराँस रोपण कार्यक्रमको उद्घाटन गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

२६) प्रस्ताब नं. २६ माथी छलफल गर्दा यस गाउँपालिका भित्र विभिन्न निर्माण कार्य गर्न इच्छुक निर्माण व्यवसायीहरुलाई गाउँपालिकामा सूचिकृत गरी सोही अनुसार कार्य लगाउन आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

२७) प्रस्ताब नं. २७ माथी छलफल गर्दा यस गाउँपालिकामा विभिन्न प्रकारका मेला ,उत्सव,हाट लगाएतको अन्य काममा स्वंयम सेवक परिचालन गर्नु पर्ने भएकोले कम्तीमा २०० जना इच्छुक व्यक्तिहरु लाई स्वंयम सेवकको रुपमा काम गर्ने गरी छनौट गर्ने प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

२८) प्रस्ताब नं. २८ माथी छलफल गर्दा यस गाउँपालिका र अर्न्तगतका वडा कार्यालयहरु बाट सञ्चालन हुने नियमित कार्य, विभिन्न कार्यक्रम ,योजनाहरु लाई अन लाईनको माध्यम बाट सञ्चालन गर्नको लागी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

२९) प्रस्ताब नं. २९ माथी छलफल गर्दा यस गाउँपालिका भित्र लागु औषध दुरव्यसनीको कारण विभिन्न घटना दुर्घटना भै सामाजिक ,आर्थिक ,नैतिक क्षति हुने भएको हुँदा उक्त रोक्न /न्यूनिकरण गर्न अभियानको रुपमा कार्यक्रम सञ्चान गर्ने निर्णय गरियो ।